# साउने सक्रान्ति मनाइदैं



■ **सौर्य समाचार**

काठमाडौं । सौरमासअनुसार प्रत्येक वर्ष साउन १ गते मनाउने साउने (कर्कट) सङ्क्रान्ति पर्व बिहीबार देशभर स्नान, दान एवं आफन्त जम्मा भई रमाइलो गरेर मनाइँदैछ। सूर्यले मिथुन राशिको भोग पूरा गरी कर्कट राशिमा प्रवेश गर्ने पहिलो दिन बिहीबार देशभर साउने सङ्क्रान्तिका रुपमा मनाउने प्राचीन परम्परा छ ।

साउनदेखि नै सूर्य दक्षिण हुँदै हिँड्ने भएकाले बिहीबारैदेखि दक्षिणायन शुरु हुन्छ । माघ १ गते शुरु हुने उत्तरायण र साउन १ गते शुरु हुने दक्षिणायनका दिनलाई विशेषरुपमा मनाइन्छ । अधिकांश नेपाली खेतीमा लाग्ने भएकाले असार महिनाभर कृषि कर्ममा व्यस्त हुन्छन् । त्यसक्रममा हिलो मैलोले लाग्ने छालासम्बन्धी रोग ठीक गर्न लुतो फाल्ने गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताए । एक महीना काम गर्ने किसान साउन १ गते आफन्तका साथ जम्मा भई रमाइलो गरेर मनाउँछन् । परम्परा अनुसार कागभलायो, कुकरडाइनो, लुतेफ्कार, पानीअमला, कागती, अम्बा, नासपाती आदि औषधिका रुपमा समेत प्रयोग हुने वनस्पति राखेर कण्डारक नाम गरेका राक्षसको पूजा गरी अगुल्टो फालिन्छ ।

लुतो फाल्दा आ-आफ्नो कुल परम्पराअनुसार नाङ्लो ठटाउने, शङ्ख फुक्ने, घण्ट बजाउने, ढोका बन्द गर्ने चलन नेपाली समाजमा छ । साउन महीनालाई विशेषरुपमा भगवान् शिवको पूजा गरेर मनाइन्छ । महिलाले हरियो चुरालगायत कपडा लगाएर प्रकृतिसँग नजिक भएको देखाउने गरिएको पनि अध्यक्ष गौतमले बताए ।

साउन महिनाभर देशभरका शिवालय विशेषगरी पशुपतिनाथ मन्दिरमा भक्तजनको विशेष भीड लाग्छ । साउन महिना शिवजीको र सोमबारलाई शिवको बार भनिन्छ । यसैले साउन महिना एवं सोमबार शिवालयमा भक्तजनको विशेष भीड लाग्छ । यस वर्ष कोरोना भाइरसको नयाँ भेरियन्टसहितको सङ्क्रमणका कारण आफन्त कहाँ जान सहज छैन । यसैले धेरैले घरमै परिवारका सदस्यबीच रमाइलो गरी पर्व मनाउँदै छन् । सवारी खुलेकाले जानै परेमा स्वास्थ्य सुरक्षाका विधि अपनाएर भौतिक दूरी कायम गर्दै पर्व मनाउनुपर्नेमा जोड दिइएको छ ।

## क्रियाशील...

गरेको बताए । असार ९ गते बसेको कांग्रेस जिल्ला कार्यसमिति बैठकले क्रियाशील सदस्य वितरण संयोजक इन्द्रबहादुर बानियाँ, सचिव बुद्ध लामा र आनन्द कठायतले विवाद समाधानका लागि केन्द्रमा सिफारिस गरेसँगै संस्थापनइतरका नेताहरू केन्द्रीय कार्यालयमै धर्ना दिन पुगेका हुन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाका विश्वासको पात्र समेत रहेका बानियाँ बागमती प्रदेश संसदीय दलका नेता समेत हुन् । बानियाँ आगामी महाधिवेशनमा बागमती प्रदेशको सभापति वा पुन: जिल्ला सभापतिमा उम्मेदवार बन्ने अझै निश्चित भइसकेको छैन । जिल्लामा पछिल्लो समय संस्थापन पक्ष र संस्थापनइतरबीच विभिन्न कार्यक्रममा मतभेद सिर्जना भइरहेको छ । धर्नामा कांग्रेस मकवानपुर नेताहरू जयराम लामिछाने, रीता खनाल, उमा दाहाल, मनहरी गाउँपालिका सभापति नारायण उप्रेती, मकवानपुर क्षेत्र नम्बर ४ सभापति नुरज पौडेल, मकवानपुर-काठमाडौं सम्पर्क समिति सभापति पुरुषोत्तम ठकुरीलगायत नेताहरू केन्द्रीय कार्यालयमा धर्ना दिइरहेका छन् ।

पार्टी समायोजनको प्रक्रिया नै नभए पनि समायोजन भएको भनी नेपाली कांग्रेसको क्रियाशील सदस्यता लिएको भन्दै मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) ले ध्यानाकर्षण भएको जनाएको छ ।

मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) का मकवानपुर जिल्ला अध्यक्ष हरिकृष्ण मैनालीले फोरम लोकतान्त्रिक र नेपाली कांग्रेसबीच पार्टी एकताको क्रममा जिल्लाबाट समायोजनको कुनै प्रक्रिया नभए पनि समायोजन भएको भन्दै २१ जनाले नेपाली कांग्रेसको क्रियाशील सदस्य प्राप्त गरेको विषयमा ध्यानाकर्षण भएको भन्दै गत साता नेपाली कांग्रेस मकवानपुर र केन्द्रीय समितिलाई ध्यानाकर्षण गराएको थियो ।

विभिन्न व्यक्तिहरू तत्कालीन फोरम लोकतान्त्रिकबाट नेपाली कांग्रेस पार्टीमा समायोजन भएर कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरेको भन्ने विषय मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) मकवानपुरको घोर आपत्ति भएको बताइएको छ । फोरम अध्यक्ष मैनालीले जिल्लाबाट समायोजनको प्रक्रिया नै नभएको उल्लेख गरे पनि नेपाली कांग्रेस मकवानपुरका सभापति इन्द्रबहादुर बानियाँले भने मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) को केन्द्रीय समितिले सिफारिस गरेका व्यक्तिहरूलाई नै कांग्रेस मकवानपुरको सिफारिसमा क्रियाशील सदस्यता प्रदान गरिएको जानकारी दिएका छन् ।

फोरम लोकतान्त्रिकको केन्द्रीय समितिको सिफारिसमा २१ जनालाई कांग्रेस मकवानपुरले क्रियाशील सदस्यका लागि सिफारिस गरेको सभापति बानियाँले दाबी गरेका छन् ।

## एसईईको...

लहरका कारण स्थगित भएको थियो । भौतिक रुपमा एसईई परीक्षा हुन नसक्ने भएपछि बोर्डले आन्तरिक मूल्यांकनबाटै नतिजा सार्वजनिक गर्ने कार्यविधि बनाएको थियो ।

यस वर्षको एसईईको मूल्यांकन गर्दा विषय शिक्षकले विद्यार्थीको निर्माणात्मक २० प्रतिशत (विद्यार्थीको हाजिरी, प्रस्तुतिलगायतको विषय), निर्णयात्मक ५५ प्रतिशत (विद्यालयले लिएको त्रैमासिक परीक्षाको मूल्यांकन) र प्रयोगात्मकको लागि २५ प्रतिशत अंक दिन पाउनेछन् । प्रयोगात्मक नभएका विषयहरुमा निर्माणात्मक २५ प्रतिशत र निर्णयात्मक ७५ प्रतिशत मूल्यांकन आधार तोकिएको छ । विषय शिक्षकले कार्यविधिले तोके अनुसार गरेको मूल्यांकन विद्यालयकै मूल्यांकन समितिलाई पेश गर्नुपर्छ ।

मूल्यांकन समितिले रुजु गरी जिल्ला शिक्षा समन्वय इकाइमा पठाउँछ र जिल्ला समन्वय इकाइले राष्ट्रिय परीक्षा बोर्डमा पठाउनुपर्छ ।

## चक्रपथ...

संरचना भत्काउनुपर्छ । विभागले अतिक्रमित क्षेत्र मानेर ७.८५ मिटर नै खाली गर्न खोजेको छ । त्यति भाग खाली पार्दा हजार मूर्तिसहितको चैत्य पुरै हटाउनुपर्छ ।

स्वम्यभू डाँडाको अर्को साइडमा बनाइएको गुम्बाको पर्खालले पनि चक्रपथको ३१ मिटरभित्र १.५ मिटर मिचेको छ ।

युनेस्कोले विश्व सम्पदा क्षेत्र भनेर तोकेको सीमाभित्र सडक विस्तार गर्दा स्वयम्भू विश्व सम्पदा सूचीबाट बाहिरिने जोखिम हुने चिन्ता संरक्षणकर्मीको छ ।

## देउवा...

अनुमान नेपाल पक्षका नेताहरुको रहेको छ । उनीहरुले पार्टी विभाजन गरेको खण्डमा सरकारमा सहभागिता जनाउन सक्ने सम्भावना पनि छ । बुधबार माधवकुमार नेपाल निवासमा पुगेका प्रधानमन्त्री देउवाले माधवकुमार नेपाल समूहलाई पनि सरकारमा आउन आह्वान गरेका छन् । नेपालले भने आफूले विश्वासको मत दिए पनि सरकारमा सामेल हुनेबारे अहिले नै नसोचेको बताएका छन् । प्रधानमन्त्री देउवालाई विश्वासको मत लिन २३ जना माधवकुमार नेपाल पक्षका सांसद महत्वपूर्ण हुने भएकाले पनि नेपाल पक्ष सरकारमा आउँदा आफूलाई सहज हुने देउवाको बुझाइ छ । कांग्रेसका ६१ जना, माओवादी केन्द्रका ४९, जसपाका १२ र राष्ट्रिय जनमोर्चाका १ सांसदको समर्थन पाएर प्रधानमन्त्री भएका देउवाले अब सांसद संख्याको अनुपातको हिसाबमा नै मन्त्रालयको बाँडफाँड गर्ने तयारी गरेका छन् ।

यसअघि माओवादी केन्द्रले देउवासँग गृह र अर्थ दुवै मन्त्रालय माग गरेको थियो । तर, देउवाले माओवादी केन्द्रलाई दुईमध्ये एक दिन सकिने भन्दै अर्थमन्त्रालयको जिम्मेवारी दिएका छन् भने गृह कांग्रेससँगै राखेका छन् । देउवाको पूर्ण क्याबिनेट बनेको खण्डमा यो सरकारमा सबैभन्दा बढी सहभागी पनि नेपाली कांग्रेसको नै हुने भएको छ । देउवानिकट एक नेताका अनुसार देउवाले कांग्रेसलाई ९, माओवादी केन्द्रलाई ७, माधवकुमार नेपाल समूहलाई ५ र जसपालाई ४ मन्त्रालयको जिम्मेवारी दिने तयारी गरेका छन् । देउवालाई समर्थन गरेको राष्ट्रिय जनमोर्चाले आफू सरकारमा नजाने बताइसकेको छ ।

तर, नेपाल समूह सरकारमा नआएको खण्डमा यसलाई छुट्याएको ५ मन्त्रालयले फेरि कांग्रेस, माओवादी केन्द्र र जसपालाई विभाजन गर्ने देउवाको तयारी रहेको उनीनिकट एक नेताले बताए । यस्तो भएको खण्डमा कांग्रेसले प्रधानमन्त्रीसहित ११ मन्त्रालयको जिम्मेवारी सम्हाल्ने छ ।

जसपाले आफ्नो पार्टीमा रहेको आन्तरिक किचलो मिलाउनका लागि केही दिनको समय माग गरेको छ । जसपाको विवाद एउटा निष्कर्षमा पुगेपछि उपप्रधान तथा परराष्ट्रमन्त्रीका रुपमा उपेन्द्र यादवले सरकारमा जसपाको नेतृत्व गर्ने तयारी रहेको स्रोतको दाबी छ ।

देउवाले अर्को सातासम्म पूर्णरुपमा मन्त्रिपरिषद् विस्तार गर्न सक्ने सम्भावना बलियो हुँदै गएको उनीनिकट ती नेताले बताए । 'अहिले स्वास्थ्यमा निकै ठूलो समस्या छ, कोरोना महामारी छ,' ती नेताले भने, 'त्यसैले पनि प्रधानमन्त्रीले छिटो सरकारलाई 'फांइनल' बनाउन खोज्दै हुनुहुन्छ, त्यसका लागि मन्त्रिपरिषद् विस्तार गर्नुहुन्छ ।'

## एमालेमा...

निर्णय खारेज भएको घोषणा गर्नुपर्ने संशोधन प्रस्ताव तयार पारेका छन् । दश बुँदेको तेस्रो बुँदामा फागुन २३ गते सर्वोच्च अदालतको फैसलाबाट एमाले पुनर्जीवित भएपछिका पार्टीका वैधानिक व्यवस्था तथा एकतासँग मेल नखाने तर्फबाट राजनीतिक र संगठनात्मक काम कारवाहीहरु स्वत: बदर भएको उल्लेख छ । तर नेपाल निकट नेताहरुले भने त्यस्तो भाषाले ओलीको काम कारवाहीलाई बैधता दिने भएकाले सबै निर्णय खारेजी हुने कुरा उल्लेख गर्नुपर्ने बताएका छन् । नेपाल निकट नेता खतिवडाले दशौं बैठक बस्ने भनेर उल्लेख भएपछि यसबीचका सबै बैठकहरु अवैध हुने बताए ।

त्यस्तै माओवादीबाट थपिएका २३ जना र २०७५ जेठ ३ गते तत्कालीन एमालेबाट नेकपा केन्द्रीय कमिटीमा मनोनित भएका ३८ जनाले गर्दा ओलीको प्रचण्ड बहुमत हुने भएकाले त्यति नै संख्या माधव नेपालले थप्ने कुरा उल्लेख हुनुपर्ने खतिवडाले बताए । उनले भने- नवौं महाधिवेशनबाट जुन अनुपातमा शक्ति सन्तुलन बनेको थियो त्यहि अनुसार मनोनयन हुनुपर्छ । आठ दश जना ओली पक्षमा बढी थिए, अब एकता हुँदा पनि त्यही स्पिरिटमा हुनुपर्छ । दश प्रतिशतमा नबढ्ने गरी मनोनित गर्ने कुरा अमूर्त छ ।

कार्यदलको सिफारिस कार्यन्वयनका तत्काल पार्टी स्थायी कमिटी बैठक आयोजना गर्न अध्यक्ष एवम् महासचिवलाई अनुरोध गर्ने दशौं बुँदामा पनि संशोधन हुनुपर्ने खतिवडाको भनाइ छ । यस्तो बैठक माधव नेपालसहितको सहमतिमा बोलाइनुपर्ने र सम्झौतामा माधव नेपाललाई सम्बोधन हुनुपर्ने उनको तर्क छ ।

त्यस्तै स्थायी कमिटीमा माधव नेपाल पक्षको बराबरी संख्या हुनुपर्ने कुरा पनि यो समूहले उठाएको छ । २०७५ जेठ २ अघिको स्थायी कमिटीमा २२ जनामध्ये नेपाल पक्षका ११ जना थिए । अहिले नेकपाबाट एमालेमा समाहित भएका माओवादी समूहका ४ स्थायी कमिटी सदस्य थपिदा ओली पक्षमा १६ जना हुने र माधव पक्षमा बामदेव बाहेक १३ जना हुन्छन् ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७८।०४।०१ गते

यस कम्पनीको मिति २०७८।०३।०९ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको कम्पनी **मेट्रो एक्सप्रेस मार्ट प्रा लि** (प्रा.लि.न. २५२४२०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्न पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरि कम्पनी रजिस्टारको कार्यालयको मिति २०७८।०३।२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरि **मेट्रो मार्केट प्रा. लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## Invitation for Bids

**Government of Nepal (GoN)**
**LikhuTamakoshi Rural Municipality, Ramechhap**
**Invitation for Bids for the Construction of LikhuTamakoshi 15 Bedded Primary Hospital Building**
**IFB No: LTRM/NCB/Work/077/78**
**Contract Identification No: LTRM/NCB/Work/077/78**
**Date of publication: 31-03-2078 00:00**

- The Government of Nepal [GoN] has allocated funds towards the cost of Construction of LikhuTamakoshi 15 Bedded Primary Hospital Building and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of LikhuTamakoshi 15 Bedded Primary Hospital Building (Contract No: LTRM/NCB/Work/077/78).
- Bidding is open to all eligible bidders as per Section V of Bidding Document
- LikhuTamakoshi Rural Municipality, Ramechhap invites electronic bids from eligible bidders for the construction of Construction of Hospital Building under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
- Only eligible bidders with the following key qualifications should participate in this bidding:
- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 150000000
- Minimum Work experience of similar size and nature: 120000000
- Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
- Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of
- LikhuTamakoshi Rural Municipality, Ramechhap, Bagmati Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
- Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents from the office LikhuTamakoshi Rural Municipality, Ramechhap, Bagmati Province or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below. Payment of a non-refundable fee of 10000.0 NRs. till 32-04-2078 12:00 during office hours for bid document.
  - **Information to deposit the cost of bidding document in Bank:**
  - Name of the Bank: Nepal Investment Bank Ltd.
  - Name of the Office: LikhuTamakoshi Rural Municipality, Ramechhap
  - Office Account no: Rajaswa (revenue) Shirshak no: 07001400250016
- Pre-bid meeting shall be held at LikhuTamakoshi Rural Municipality, Ramechhap Bagmati Province Nepal at 20-04-2078 13:00 hours.
- Electronic bids must be submitted through PPMO's e-GP system www. bolpatra.gov.np/egp on or before 32-04-2078 12:00. Bids received after this deadline will be rejected.
- The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 32-04-2078 14:00 hours at the office of LikhuTamakoshi Rural Municipality, Dhobi Bazar, Ramechhap
- Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 4500000 at Dharauti khata which shall be valid for 30 days beyond the validity period of the bid. Dharauti khata: 07001040250771
- If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
- The employer reserves the right to accept wholly or partly any or all the bids without assigning reason whatsoever.
- In other things not mentioned in this notice, Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 or current governmental laws will be applicable.



## हुलाक डाँक ढुवानीका लागि हुलाक निर्देशनालय, दिपायल, डोटीबाट प्रस्ताब आव्हान गरिएको सूचना

**पहिलो पटक प्रकाशित मिति २०७८/०४/०१**

यस निर्देशनालय अन्तरगत तपशिलका प्रखण्डहरुमा देहायको बार्षिक रकममा नबढ्ने गरि घटीघटाउमा हुलाक डाँक ढुवानी गराउनु पर्ने भएकाले ढुवानी गर्न इच्छुक यातायात सेवा प्रा.लि हरुले देहायको सर्तहरुको पुर्ण रुपमा पालन गर्ने गरि देहायका कागजात सहित सिलबन्दी प्रस्ताव सूचना प्रकाशन भएको १५ दिन भित्र यस निर्देशनालयमा दर्ता गराउनहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं | डाँक ढुवानी गर्नुपर्ने प्रखण्डहरु | अधिकतम वार्षिक रकम | प्रस्ताव दर्ता हुने कार्यालय |
|---|---|---|---|
| १ | डडेल्धुरा-बानेडुंग्रीसैन-राजपुर-सिलगढी-सानागाँउ-जउगढ-साफेवगर-वयलपाटा-मंगलसेन अछाम | १०३६८० (एक लाख तिन हजार छ सय असी मात्र) | हुलाक निर्देशनालय, दिपायल, डोटी |
| २ | धनगढी-डडेल्धुरा-खोड्पे-स्याडी-रायल-चैनपुर बझाङ | १५७८६० (एक लाख सन्ताउन्न हजार आठ सय साठी मात्र) | हुलाक निर्देशनालय,दिपायल,डोटी |
| ३ | डडेल्धुरा-गैरा-बुडर-डोलासैन-गोदाम-जोगबुढा डडेल्धुरा | ५७७८०(सन्ताउन्न हजार सात सय असी मात्र) | हुलाक निर्देशनालय, दिपायल,डोटी |
| ४ | महेन्द्रनगर-डडेल्धुरा-पोखरा-खतेडा-खोड्पे-पाटन-श्रीकोट-देहिमाण्डौ-गोठालापानी वैतडी | १२७८०० (एक लाख सत्ताइस हजार आठ सय मात्र) | हुलाक निर्देशनालय, दिपायल, डोटी |
| ५ | महेन्द्रनगर-डडेल्धुरा-गोकुलेश्वर-मालिकार्जुन-पस्ती-खलंगा दार्चुला | १९२२४० (एक लाख बयानब्बे हजार दुइ सय चालीस मात्र) | हुलाक निर्देशनालय, दिपायल, डोटी |
| ६ | धनगढी-अतरीया-कृष्णपुर-झलारी-महेन्द्रनगर कञ्चनपुर | २३५८० ( तेइस हजार पाँच सय असी मात्र) | हुलाक निर्देशनालय,दिपायल,डोटी |
| ७ | धनगढी-बुढीतोला-फल्टुडे-गैरा-डडेल्धुरा-राजपुर डोटी | ९५९४० (पन्चानब्बे हजार नौ सय चालीस मात्र) | हुलाक निर्देशनालय, दिपायल, डोटी |
| ८ | साँफेवगर-ठाटी-टाँटे-मार्तडी बाजुरा | ९८८२० (अन्ठानब्बे हजार आठ सय बिस मात्र) | हुलाक निर्देशनालय, दिपायल, डोटी |
| ९ | महेन्द्रनगर-वेलडाँडी-वेलौरी | ३९४२० (उनन्चालीस हजार चार सय बिस मात्र) | हुलाक निर्देशनालय, दिपायल, डोटी |
| १० | धनगढी-अतरीया-चौमाला-मसुरीया-पहलमानपुर-सुख्खड-भजनी-लम्की-टिकापुर कैलाली | ३९४२० (उनन्चालीस हजार चार सय बिस मात्र) | हुलाक निर्देशनालय, दिपायल, डोटी |

**शर्तहरु**

१. डाँक ढुवानी गर्ने यातायात प्रा.लि.को डाँक ढुवानी गर्ने रुटमा दैनीक कम्तीमा २ ओटा गाडी सञ्चालन भएको हुनुपर्ने ।
२. उपरोक्त धेरै प्रखण्डहरु वा एउटा खण्डमा मात्र पनि प्रस्ताव पेश गर्न सकिनेछ ।
३. प्रस्ताव पेश गर्ने फारामको नमुना प्रस्ताव दर्ता हुने कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
४. यातायात सेवा प्रा.लि दर्ता,नविकरण,आ.व.२०७६/७७ को लेखापरिक्षण,कर चुक्ता प्रमाणपत्र र सम्वन्धित रुटको यातायात रुट प्रमिट पेश गर्नुपर्नेछ ।
५. प्रस्ताव फाराम र सम्वन्धित कागजातहरु संलग्न गरि शीलबनदी गरी तोकिएको मिति भित्र हुलाक निर्देशनालय,दिपायल,डोटीमा दर्ता गराउनु पर्नेछ ।
६. प्रस्ताव स्वीकृत भएपछी सम्झौता गरी काम शुरु गरिनेछ ।
७. वन्दावन्दीको समयमा समेत डाँक सेवा सञ्चालन गर्न यथासम्भव सवारी पासको व्यवस्था गरिनेछ ।
८. प्रस्ताव स्वीकृत गर्ने सर्वाधिकार प्रस्ताव दर्ता गर्ने कार्यालयलाइ हुनेछ ।
९. प्रस्ताव मिति २०७८ /०४/१६ गते दिनको १:०० बजे खोलिने भएकाले सो समयमा प्रस्ताव पेश गर्ने यातायात प्रा.लि.को प्रतिनिधिको रोहवरमा बस्न सकिनेछ ।प्रतिनिधिको अनुपस्थितिमा प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
१०. यातायात सेवा प्रा.लि.ले डाँक लिन र पुर्याउन सम्वन्धित हुलाक कार्यालयमा आफै जानु पर्नेछ ।
११. नियमित रुपमा सवारी साधन सञ्चालन हुन नसकेको अवस्थामा समेत स्थानिय प्रशासनको सहयोगमा डाँक सेवा सञ्चालन गर्नुपर्नेछ ।
१२. डाँक ढुवानी गर्ने बसले सुरक्षित एवं व्यवस्थित ढंगले अलगै क्याविनको व्यवस्था गर्नुपर्नेछ ।
१३. प्रस्तावमा सम्वन्धित रुटमा संचालन हुने सवारी साधनको नम्वर तथा चालक तथा सहचालकको नाम र सम्पर्क नं. उल्लेख गर्नुपर्नेछ ।

**नोट: विस्तृत जानकारीका लागि हुलाक निर्देशनालयको सम्पर्क नं.०९४४०१४९ वा ९८५८४८८४८२ मा सम्पर्क गर्न सकिनेछ ।**